get ready QUEENSLAND

# तपाईंको पाल्तु पशु आपातकालीन योजना तयार गर्नुहोस्

Queensland Government

**क्वीन्सल्याण्डमा हामी अद्भुत मौसम र जीवन शैलीको आनन्द लिन पाउछौं। तथापि, आँधी, भुँवरी, र बाढ जस्ता प्राकृतिक प्रकोपहरू हाम्रो वातावरणको एउटा अपरिहार्य अङ्ग बनेको छ। इतिहासले देखाए अनुसार, यिनीहरूबाट उत्पन्न खतराका सम्बन्धमा हामी शान्त भएर बस्ने जोखिम उठाउन सक्दैनौं।**

**अहिले नै निम्न कुराहरू गरि आपातकालीन स्थितिहरूका लागि तयार रहनुहोस्:**

- तपाईंको घर तयार गर्ने;
- तपाईंको पाल्तु पशु आपातकालीन योजना तथा पाल्तु पशु आपातकालीन किट तयार गर्ने;
- तपाईंको पारिवारिक आपातकालीन योजना तयार गर्ने;
- तपाईंको परिवारलाई घर छोड्न (इभ्याक्यूएशन) का लागि तयार गर्ने र तपाईंको इभ्याक्यूएशन किट तयार गर्ने; तथा
- चेतावनीहरू सुन्दै गर्ने।

जसरी हामीले हाम्रो परिवार र हाम्रो घरलाई आपातकालीन स्थिति वा प्रकोपका लागि तयार गर्नु पर्छ, त्यसरी नै हाम्रो पाल्तु पशुलाई पनि तयार गर्नुपर्छ। तपाईंको पाल्तु पशुहरू तपाईंको परिवारकै हिस्सा हुन्; अहिले केही समय लगाएमा तपाईंले पाल्तु पशुहरूको आवश्यकतालाई पनि परिवारको योजनामा सामेल गरेर उनीहरूको सुरक्षा र भलाईमा सुधार गर्न सक्नु हुनेछ।

व्यक्तिगत आवश्यकता फरक भएतापनि, तपाईंले आफ्नो परिस्थिति र ठाउँलाई ध्यानमा राखेर सबभन्दा राम्रो योजना बनाउनु पर्छ।

प्रमुख आपातकालीन स्थिति वा प्रकोपहरूको बेला पशुप्राणीको सम्भावित जोखिम, स्थानीय आपातकालीन योजना तथा उनीहरूका लागि अस्थायी आश्रयबारे तपाईंको स्थानीय परिषद तथा अन्य निकायहरूमा पत्ता लगाउनुहोस्।

## तयार हुनुहोस्

यदि पशुहरूलाई कुनै सुरक्षित ठाउँमा लाने विचार भएमा, अनावश्यक जोखिमबाट बच्न चाँडै यो काम गर्नुहोस्। तपाईंले आफ्नो पाल्तु पशुलाई आफूसँग कुनै अस्थायी आश्रयमा लान असम्भव हुन सक्छ - पहिलानै योजना बनाएर ढुक्क हुनुहोस्।

- कुनै आपातकालीन स्थिति आउनु भन्दा पहिला पशुलाई घर भित्रै राख्नुहोस्, ता कि उनीहरू जतातते जान नसकुन्।
- सुरक्षित पाल्तु पशुलाई बोक्ने/पिंजडा, सिक्रीको प्रयोग गर्नुहोस् वा कुनैपनि पशुहरूलाई बाँधेर सुरक्षित ठाउँमा सार्नुहोस्।
- हालसम्मका सम्पूर्ण खोपहरू सबै लगाएको हुनुपर्छ।
- तपाईंको पाल्तु पशुलाई आपातकालीन स्थिति क्षेत्र भन्दा टाढा कुनै सुरक्षित वातावरणमा लगेर राख्न पनि सम्भव हुन सक्छ।
- यदि तपाईं आफ्नो पशुलाई कुनै अस्थायी फोस्टर होममा राख्न सक्ने भएमा, पाल्तु पशुको औषधि उपचार तथा खुवाउने जानकारी, खाद्य, औषधि तथा अन्य आपूर्तिहरू उनीहरूसँगै फोस्टर होममा पनि रहोस्।
- सबै पाल्तु पशुहरूलाई राम्ररी चिन्ने गरि व्यवस्था मिलाउन नभुल्नुहोला। याद राख्नुहोस् - प्रकोपको समयमा, फोनहरू काम नलाग्ने पनि हुन सक्छ तथा कुनैपनि दर्ताकृत माध्यममा तपाईंको वर्तमान ठेगाना उल्लेश हुन जरुरी छ।
- एउटा हालै खिचाएको फोटो राख्नुहोस्। यसबाट तपाईं नै कानूनी तवरमा मालिक भएको सजिलै परिचय दिन सहयोग पुग्छ।

## तालीम प्राप्त सहायक कुकुरहरू

प्रायजसो अवस्थामा, तालीम प्राप्त सहायक कुकुरलाई उनीहरूको मालिकका साथमा आपातकालीन आश्रयमा बस्ने अनुमति दिइन्छ। यसरी बस्न दिइएका कुकुरहरूको उचित परिचयपत्र र खोप लगाएको प्रमाणहरू चाहिन सक्छ। थप जानकारीका लागि स्थानीय परिषदमा बुझ्नुहोस्।

## यदि तपाईंको पाल्तु पशु कुकुर वा बिरालो होइन भने के गर्ने?

धेरैजसो परिवारमा पाल्तु पशुहरू सामान्यतया कुकुर, बिरालो तथा चरा नै हुने भएतापनि; यहाँ प्रस्तावित जानकारी सम्पूर्ण पाल्तु पशुको आपातकालीन योजनामा लागु हुन सक्छ।

यदि तपाईंको साथी पशु यो वर्ग भित्र नपर्ने भए, जस्तै अक्वारियम, घस्रने जीवजन्तु, ससाना पशु (सुङ्गुर, चरा, बाख्रा, घोडा, गाईभैंसी, भेंडा) आदि भएमा, तपाईंले आपातकालीन स्थितिहरूको योजना बनाउँदा विशेषज्ञको सुझावका लागि विशेष निकायहरू, जस्तै क्वीन्सल्याण्ड प्राथमिक उद्योग एवं मत्स्य पालन (लाईभस्टक), RSPCA, तपाईंको पशुको चिकित्सक वा स्थानीय पाल्तु पशु पसलमा सम्पर्क गर्ने सल्लाह दिइन्छ।

## पाल्तु पशु आपातकालीन किट

तपाईंको पाल्तु पशु आपातकालीन किट सहजै भेट्ने ठाउँमा हुनुपर्छ र यसमा यी वस्तुहरू समावेश गर्नुपर्छ:

- पाल्तु पशुका औषधिहरू (दुई हप्तासम्म पुग्ने गरि), चिकित्सा तथा खोप विवरण तथा चिकित्सकको विवरण।
- प्रत्येक पशुलाई पर्याप्त खाद्य (ट्रीट समेत) तथा पानी (जस्तै बोतलको आदि) - दुई हप्ता सम्म पुग्ने। तपाईंसँग डब्बामा (क्यान) खाद्य छ भने क्यान ओपनर हाल्न नभुल्नुहोला।
- पाल्तु पशुको कुनै परिचित कम्बल वा ओछ्यान सामानहरू, खेलौना, सृंगार सामान आदि।
- कुनैपनि पशुहरूलाई सुरक्षित ठाउँमा सार्न एउटा सुरक्षित पाल्तु पशुको बोक्ने, सिक्री वा डोरी।
- तपाईंको पशुको सफाइ जरुरत; जस्तै पत्रिका, पेपर टावेल डिसइन्फेक्टेन्ट, फोहर हाल्ने थैली। इत्यादि बारे विचार पुर्याउनुहोस्, जुन कुरा नीहरूको (तथा तपाईंको पनि) स्वास्थ्यका लागि महत्वपूर्ण हुन्छ।
- चराहरूलाई सधैं खाना चाहिन्छ - विशेष खाद्य तथा पानी खुवाउने वस्तुलाई चराको पिंजडामा राख्नुहोस् र पिंजडालाई ढाक्नुहोस्।
- महत्वपूर्ण फोन नम्बरहरू; जस्तै पशु चिकित्सक, पाल्तु पशुको विवरण र परामर्शदाता सेवा।
- परिचयात्मक विधिबारे विवरण।
- परिचयात्मक प्रयोजन का लागि एउटा हालै खिचाएको फोटो।

**सदा सुनिश्चित गर्नुहोस् कि**

- **तपाईंको पाल्तु पशुले सधैं पर्याप्त खाद्य तथा सफा पानी पाउन सकोस्।**
- **तपाईंको पाल्तु पशुले आश्रय र ओड्ने पाउन सकोस्।**
- **तपाईंले हेरचाह गर्नु पर्ने सबै पशुहरूलाई उचित रूपमा तथा सजिलै चिन्न सकियोस्।**
- **तपाईंसँग पशु चिकित्सक/स्थानीय पशु कल्याण निकायको फोन नम्बर छ र यसलाई तपाईंको पारिवारिक आपातकालीन किटमा राखिएको हुनुपर्छ।**
- **तपाईंले कहिल्यै पनि कुनै पशुलाई बाँधेर आश्रय वा ओड्ने बिना राख्नु हुने छैन।**
- **तपाईंले कहिल्यै पनि कुनै पशुलाई सवारी साधन भित्र छाड्नु हुने छैन।**



© 2013 Department of Community Safety

**आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि www.disaster.qld.gov.au मा हेर्नुहोस्।**

यो पुस्तिकाको उद्देश्य जानकारी प्रदान गर्नु मात्र हो र यसलाई एउटा असल नियतमा उपलब्ध गरिएको छ। कुनैपनि व्यक्तिले यस पुस्तिकामा उपलब्ध जानकारीमा भरोसा गरेको कारणले भोग्नु परेको वा प्रत्यक्ष वा परोक्ष रूपमा उत्पन्न भएको कुनैपनि हानि वा क्षति (सो का फलस्वरुप हानि वा क्षति लगायत) का सम्बन्धमा कुनैपनि व्यक्तिप्रति सामुदायिक सुरक्षा विभाग, आपातकालीन स्थिति व्यवस्थापन क्वीन्सल्याण्ड तथा राज्य आपातकालीन सेवा जिम्मेवारी रहने छैन।

# तपाईंको पाल्तु पशु आपातकालीन योजना तयार गर्नुहोस्

Queensland Government



पाल्तु पशु आपातकालीन किट जाँचसूची (प्रत्येक पशुका लागि)

| | | | |
|---|---|---|---|
| परिचयात्मक विवरण | | ओछ्याने, खेलौना | |
| औषधिहरू | | काङ्ग्यो ब्रश आदि | |
| | | खाद्य, क्यान ओपनर | |
| | | पानी र बाटा | |
| खोप विवरण | | सुरक्षित बोक्ने/पिंजडा, रस्सी, डोरी | |
| पशु चिकित्सक विवरण | | सरसफाइका जरुरतहरू | |

महत्वपूर्ण फोन नम्बरहरू

| | |
|---|---|
| आपातकालीन पशु चिकित्सा केन्द्र | |
| RSPCA<br>1300 363 736 पशुप्राणी हराएको वा पाएको सूचना दिन | 1300 ANIMAL<br>1300 264 625 |
| स्थानीय पशु कल्याण निकाय | |
| पशु चिकित्सक | |
| प्रहरी, अग्नि तथा एम्बुलेन्स (आपातकालीन स्थिति प्राणघातक, नाजुक वा गम्भीर भए जस्तो लागेमा मात्र कल गर्नुहोस्) | आपातकालीन स्थिति: 000 ट्रिपल जिरो (मोबाइलबाट 112) |
| राज्य आपातकालीन सेवा (SES) | 132 500 |
| स्थानीय परिषद | |
| पाल्तु पशु बिमा प्रदायक | |
| पाल्तु पशु जानकारी एवं परामर्श सेवा | |
| कार्यस्थल | |
| कार्यस्थल | |
| छरछिमेक | |
| छरछिमेक | |

पाल्तु पशु चिकित्सकीय जानकारी

| नाम | औषधि | खुराक र कति पटक |
|---|---|---|
| | | |
| | | |
| | | |

पारिवारिक सम्पर्क विवरण

| नाम | मोबाइल नम्बर | इमेल ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

निर्धारित पारिवारिक आपातकालीन स्थिति सम्पर्क

| | |
|---|---|
| निकटतम सम्पर्कको नाम | |
| ठेगाना | |
| घर/कार्यालयको फोन नम्बरहरू | |
| इमेल ठेगाना | |
| सहर बाहिरको सम्पर्कको नाम | |
| ठेगाना | |
| ल्याण्डलाईन/मोबाइल नम्बरहरू | |
| इमेल ठेगाना | |

आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि www.disaster.qld.gov.au मा हेर्नुहोस्।

यो पुस्तिकाको उद्देश्य जानकारी प्रदान गर्नु मात्र हो र यसलाई एउटा असल नियतमा उपलब्ध गरिएको छ। कुनैपनि व्यक्तिले यस पुस्तिकामा उपलब्ध जानकारीमा भरोसा गरेको कारणले भोग्नु परेको वा प्रत्यक्ष वा परोक्ष रूपमा उत्पन्न भएको कुनैपनि हानि वा क्षति (सो का फलस्वरुप हानि वा क्षति लगायत) का सम्बन्धमा कुनैपनि व्यक्तिप्रति सामुदायिक सुरक्षा विभाग, आपातकालीन स्थिति व्यवस्थापन क्वीन्सल्याण्ड तथा राज्य आपातकालीन सेवा जिम्मेवारी रहने छैन।